# अर्नमा गाउँपालिका

ARNAMA RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

अर्नमा, सिरहा (ARNAMA, SIRAHA)

मधेश प्रदेश, नेपाल (MADHESH PROVINCE, NEPAL)

http://arnamamun.gov.np

ito.arnamamun@gmail.com

9852834880 & 9852858045


प.सं. २०८२/८३

मितिः २०८३/०३/३१ गते

## आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका पदाधिकारीहरूले त्यस्तो पद धारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि प्रत्येक आर्थिकं वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्बन्धित निकायमा बुझाउनुपर्ने व्यवस्था भएको तथा दर्ता हुन आएका सम्पत्ति विवरणलाई राष्ट्रिय सतर्कता केन्द्रको अनलाईन पोर्टलमा प्रविष्ट गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा समेत बुझाउनु पर्ने भएकोले यस गाउँपालिकाका जनप्रतिनिधिहरू, स्थायी/अस्थायी/करार/ज्यालादारीमा कार्यरत कर्मचारीहरू तथा स्थायी, अस्थायी/राहत/अनुदानमा कार्यरत शिक्षकहरूले आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण फाराम भरी, खाम बाहिर तपसिलको विवरण उल्लेख गरी **२०८३ साल भदौ १५ गतेभित्र** यस कार्यालयको IT शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ।

**तपसिलः**

सम्पत्ति विवरणको खाम बाहिर लेख्ने विवरण

| जनप्रतिनिधिको हकमा | कर्मचारीको हकमा | शिक्षकहरुको हकमा |
|---|---|---|
| आ.व. २०८२/०८३ को सम्पत्ति विवरण | आ.व. २०८२/०८३ को सम्पत्ति विवरण | आ.व. २०८२/०८३ को सम्पत्ति विवरण |
| • नाम, थरः<br>• पद/दर्जाः<br>• जिल्लाः<br>• स्थानीय तहः<br>• वडा नं.:<br>• मोबाइल नं.:<br>• इमेलः | • कर्मचारी सङ्केत नं. :<br>• नाम, थर :<br>• पद/दर्जाः<br>• सेवा/समूह :<br>• श्रेणी/तह :<br>• कार्यरत कार्यालय :<br>• मोबाइल नं. :<br>• इमेल : | • शिक्षकको सङ्केत नं. (स्थायीको हकमा)<br>• नाम, थर :<br>• पद/दर्जा :<br>• श्रेणी/तह :<br>• कार्यरत विद्यालय :<br>• मोबाइल नं. :<br>• इमेलः |

२०८३/०४/१०

द्रोपती कुमारी यादव

प्रमुख प्रशासकीय अधिकृत



CamScanner